# धवलागिरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुना, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

---

**कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना**

(मितिः२०८२/०२/१६)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०२/१४ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

*मिति २०८२ जेठ १४ गतेको कार्यपालिकामा प्रस्तुत हुने प्रस्तावहरू*

१. धवलागिरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका समबन्धमा।
२. रोजगार संयोजकको पदपुर्ती सम्बन्धमा।
३. सेनिटरी प्याड खरिद सम्बन्धमा।
४. विविध,

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२ का सम्बन्धमा वृहद छलफल गरियो। गाउँपालिको समग्र सुशासन र विकासको मार्ग प्रशस्त गर्ने किसिमले यस निर्देशिका भित्रका जनशक्ति व्यवस्थान, नैतिक आचरण, सेवा प्रवाह, सुपरीवेक्षण, जिन्सी व्यवस्थापन एवं सार्वजनिक जवाफदेहिताका विषयमाथी संशोधन सहित धवलागिरी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२ सर्वसम्मत पारित गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको रोजगार संयोजकको पद रिक्त भएकोले उक्त पदमा पदपुर्तीका लागि देहाय बमोजिमको ३ सदस्यीय समिति गठन गर्ने साथै तत्काल विज्ञापन गरि दरखास्त आह्वान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

    ***देहाय***

| | |
|---|---|
| किरणचन्द्र सुवेदी (कोलेनिका प्रमुख) | संयोजक |
| हरिहर पनेरू (योजना शाखा प्रमुख) | सदस्य |
| मोतिप्रसाद अर्याल (प्र.प्र.अ) | सदस्य सचिव |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सेनिटरी प्याड वितरण गर्नका लागि विद्यालयहरुबाट माग संकलन भएकोले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी २०७६ भित्र रही सोही कार्यविधिको स्पेसीफिकेसनका आधारमा प्याड उत्पादक कम्पनीको पत्रिकामा प्रकाशित मुल्य, छिमेकी गाउँपालिकाले निर्माण गरेको लागत अनुमान र यस गाउँपालिकाको गत वर्ष गरिएको लागत अनुमानका आधारमा भ्याट सहित प्रतिप्याकेट रू १०० लागत अनुमान गर्ने र कुल माग सङ्ख्या ६७३४ रहेकोले कुल रू ६,७४,३००/- (छ लाख चौरहत्तर हजार तीन सय रूपैंया) लागत अनुमान स्वीकृत गरी आवश्यक खरिद प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

४. विविध अन्तर्गत देहाय बमोजिम हुने गरी निर्णय गरियो।

क. जिल्ला मालपोत कार्यालय वेनीको च.नं.१५६९ मिति २०८२/०२/०७ को न्युनतम मुल्याङ्कनको लागि पत्र सम्बन्धमा यस धवलागिरी गाउँपालिकाभित्र आ.व. ०८१/८२ मा नयाँ थैली कायम गर्न आवश्यक नयाँ बाटोहरू नखोलिएको व्यहोरा सहित गत आ.व.को मिति २०८१/३/१७ गतेको कार्यपालिकाको निर्णयबमोजिम नै हुने गरी उक्त मितिको कार्यपालिका बैठकको निर्णयसहित आवश्यक कार्यार्थ लेखी पठाउने।

ख. सतुवा खेती संरक्षण कार्यक्रम गाउँपालिकाको वडा नं. ५मा संचालन गर्ने साथै वडाको सिफारिसका आधारमा कार्यसम्पन्नको ५०% ले हुन आउने रकम अनुदानस्वरूप हस्तान्तरण गर्ने,

ग. वडा नं. १ मा टावर व्यवस्थापनको लागि वडाको सूचना तथा सञ्चार खर्च शिर्षक बाट भुक्तानी हुने गरी आवश्यक कार्य अगाडी बढाउने।

घ. भेरियसन अर्डर स्वीकृती सम्बन्धमा गाउँपालिकाको ठेक्का नं. DRM/MYADI/NCB/W/R/1/2081/82 लुलाङ गुर्जा सडक निर्माण योजनाको सुरुको डिजाईन बमोजिम कार्य गर्दा Rock Quantity धेरै नपरेकोले Earthwork Excavation को Ordinary Rock र Medium Rock Excavation Works को परिमाण सुरुको भन्दा हाल कार्य भईरहेको काममा बढी हुन जाने देखिई Original BOQ मा भएको Ordinary Rock and Medium Rock घटाई Hard soil Quantity थप गर्नुपर्ने अवस्था सिर्जना भएको भनी पुर्वाधार शाखाबाट प्रेषित टिप्पणी बमोजिम सुरुको सम्झौता रकममा ०.००४४ प्रतिशत घटाई भेरीयसन अर्डर स्वीकृत गरी आवश्यक कार्य अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।